# प्रदेश सरकार
## पर्यटन तथा संस्कृति मन्त्रालय
### प्रदेश नं. १
### विराटनगर, नेपाल

ईश्वर कुमार गिरी
प्रदेश सचिव

**कार्यालय सामान, स्टेसनरी, छपाई तथा मशलन्द सामान खरिद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आब्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित भएको मिति:२०७९।५।१५**

**दरभाउपत्र सूचना- १/२०७९।०८०**

यस मन्त्रालयको लागि छपाई एवं कार्यालय मालसामानहरु सिलबन्दी दरभाउपत्रद्बारा खरिद गर्नुपर्ने भएकाले इच्छूक इजाजतपत्र प्राप्त फर्म, कम्पनीहरुलाई तपसिलका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>शर्तहरु</u>

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र रु १०००/- अक्षरेपि एक हजार मात्र राजश्व रकम (पछि फिर्ता नहुने गरी) बुझाई निवेदन संलग्न राखि प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई यस मन्त्रालयको प्रशासन, योजना तथा अनुगमन शाखाबाट खरिद गर्न सकिने छ।

२. दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजेसम्म यस मन्त्रालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नु पर्नेछ। यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस मन्त्रालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

४. प्रत्येक दरभाउपत्र साथ रु ४९०००/- अक्षरेपि उनन्चास हजार मात्र जमानत वापतको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगरको राष्ट्रिय बाणिज्य बैंक, विराटनगरमा रहेको धरौटी खाता नं. KHA-2-3:DHARAUTI A/C (PRA.LE.NI.KA.) 2120100202030000 मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी ७५ दिन मान्य अवधि भएको जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ।

५. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नु पर्नेछ। अंक र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

६. रित नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

७. प्राप्त सिलबन्दी दरभाउपत्रहरु पूरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ।

८. दरभाउपत्र फाराममा संलग्न विवरण भन्दा छपाई एवं कार्यालय मालसामानहरु बढी वा घटी परिमाणको सप्लाई गर्नु परेमा पनि कबुल अनुसारको मुल्यमा सप्लाई गर्नु पर्नेछ।

९. BOQ मा उल्लेख भएको प्रत्येक आइटमको दररेट भरी नआएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दररेट उल्लेख गर्दा केरमेट गरेको वा कार्यालयबाट बिक्री भएको फाराम भरी नआएको दरभाउपत्र फाराम उपर कुनै कारवाही हुने छैन।

१०. तोकिएको गुणस्तर बमोजिमको मालसामान आपूर्ति नगरेमा वा टुटफूट भएको सामान प्राप्त भएमा त्यस्तो सामानहरु स्वीकार गरिने छैन।

११. एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन।

१२. स्वीकृत दरभाउपत्रदातासँग सम्झौता भएपछि अस्वीकृत दरभाउपत्रदाताहरुको धरौटी फिर्ता गरिनेछ।